


बाह्र-सत्ताइस कुरा गर्ने हैन

# 'पाँच' १७ मा ध्यान दिऊँ!

# युनियन कामको दृष्टिकोण

- **संगठन निर्माणलाई पहिलो स्थानमा राख**

  एउटा नारा छ- नयाँ श्रमिकहरुलाई **सदस्यता बाँड**; नयाँ युनियन **कार्यकर्ताको खोजी** गर; र **मुद्दा आधारित अभियान** सञ्चालन गर !" तसर्थ सदस्यता वितरण र सदस्यलाई कार्यकर्तामा रुपान्तरण गर्ने कार्य युनियन आन्दोलनको पहिलो प्राथमिकतामा पर्नुपर्छ ।

- **स्रोतको खोजी गरी लगानी गर**

  ख्यालख्याल मै युनियन बन्दैन । जनशक्ति र धनशक्तिको समिश्रणबाट नै युनियका कामले गति पाउँछ ।

- **दीर्घकालीन सोच तयार गर**

  योजना विचार गरेर बनाएमा मात्रै किटान गरिएको लक्ष प्राप्त हुन्छ र सङ्लग्न युनियनकर्मीहरुको 'मोराल' बढ्छ ।

- **अनावश्यक विवादलाई खतम गर**

  भएको कुर्सीमा को बस्ने भन्दै झगडा गरेर समय बर्बाद गर्ने हैन, असङ्गठित भएकालाई युनियनमा ल्याउँदा सबै अट्ने कुर्सी आफै बन्छ ।

- **समाजका सबै क्षेत्र, जात/जाति र लैङ्गिक पहिचानका श्रमिकलाई संगठित गर**

  विविधतामा अन्तरनिहित शक्तिलाई महसुस गरी समावेशी शक्ति सुदृढ गर्नु आवश्यक छ ।

- **समर्पित सङ्गठकको सङ्ख्या वृद्धि गर**

  उनीहरुलाई चाहिने तालिम र हैसियत प्रदान गरी उत्साहित गर्नु पर्छ ।

| | | |
|---|---|---|
| एक | १७ अधिकार प्राप्तिको लागि<br>युनियन बलियो बनाऔं !!! | ४ |
| दुई | ट्रेड युनियनकर्मीबाट हुनसक्ने<br>१७ थरीका गल्तीबाट जोगिऔं !!! | ६ |
| तीन | युनियन प्रतिनिधिहरुले<br>सम्झनै पर्ने १७ बुँदामा जानकार होऔं !!! | ८ |
| चार | कमिटी/नेता/कार्यकर्ता/सदस्य सम्बन्धी<br>१७ प्रश्नमा ध्यान दिऊँ !!! | १२ |
| पाँच | ट्रेड युनियन प्रतिनिधिका हैसियतले गर्नैपर्ने<br>१७ काममा सचेत होऔं !!! | १४ |

एक

# १७ अधिकार प्राप्तिको लागि युनियन बलियो बनाऔं !!!

| | |
|---|---|
| १ | काम तपाईंको अधिकार, त्यसको रक्षाका लागि युनियन लड्छ । |
| २ | दाम तपाईंको अधिकार हो, उचित पारिश्रमिकका लागि युनियन लड्छ । |
| ३ | स्वतन्त्रता तपाईंको अधिकार हो, संगठित हुने तथा अभिव्यक्ति स्वतन्त्रताका लागि युनियन लड्छ । |
| ४ | सामाजिक सम्वाद तपाईंको अधिकार हो, व्यक्तिगत गुनासा तथा सामूहिक हक दाबीका लागि युनियन लड्छ । |
| ५ | प्रतिनिधित्व तपाईंको अधिकार हो, राज्यका हरेक निर्वाचित हुने निकायमा श्रमिकको प्रतिनिधित्व गराउन युनियन लड्छ । |
| ६ | समानता तपाईंको अधिकार हो, लैङ्गिक/जात/जाति वा क्षेत्र आधारित भेदभाव विरुद्ध युनियन लड्छ । |
| ७ | शोषण/उत्पीडनबाट उन्मुक्ति तपाईंको अधिकार हो, बालश्रम तथा बलपूर्वक लागाइने श्रमका विरुद्ध युनियन लड्छ । |
| ८ | शिक्षा तपाईंको अधिकार हो, तपाईंको यो नागरिक अधिकारका लागि युनियन लड्छ । |
| ९ | आवास तपाईंको अधिकार हो, तपाईंको यो संवैधानिक हकका पक्षमा युनियन लड्छ । |

| | |
|---|---|
| १० | रोजगारी तपाईंको अधिकार हो, बेरोजगारीमा पाउनुपर्ने सुविधाका लागि युनियन लड्छ । |
| ११ | स्वस्थ जीवन तपाईंको हक हो, औषधि उपचारका लागि युनियन लड्छ । |
| १२ | वृद्धावस्थामा मर्यादित जीवन तपाईंको हक हो, पेन्सन सुविधाका लागि युनियन लड्छ । |
| १३ | मातृत्व संरक्षण तपाईंको हक हो, प्रसूतिकालीन सुविधाका लागि युनियन लड्छ । |
| १४ | दुर्घटनामा जो कोही पनि पर्न सक्छ, कामको समयमा हुने दुर्घटना र चोटपटक बापतको सुविधाका लागि युनियन लड्छ । |
| १५ | अपाङ्गता कसैको रहर हैन, यस्तो अवस्थामा सुविधाको लागि युनियन लड्छ । |
| १६ | स्वस्थ परिवार हरेक नागरिकको अधिकार हो, तपाईंको परिवार र बालबच्चाको हेरचाह सुविधाका लागि युनियन लड्छ । |
| १७ | हामी कोही पनि अजम्मरी छैनौं, तपाईंको आश्रित परिवारको हेरचाह सुविधाको लागि युनियन लड्छ । |

तपाईं बिना युनियन बन्दैन ! शुल्क विना युनियन चल्दैन !! युनियन बिना अधिकार रहन्न !!!

दुई

# ट्रेड युनियनकर्मीबाट हुनसक्ने १७ थरीका गल्तीबाट जोगिऔं !!!

| | |
|---|---|
| १ | समस्या बोकेर सदस्यहरू नआएसम्म पर्खि बस्ने । |
| २ | आफूले नजानेको केही छैन जस्तो ठान्ने । |
| ३ | हल्लाको पछि लाग्ने, अनावश्यक हल्ला फिजाउने । |
| ४ | सदस्यहरूको गुनासो सही तरिकाले हल गर्न गम्भीर नहुने । |
| ५ | नियम मिच्ने र सम्झौता/सहमतिको बेवास्ता गर्ने । |
| ६ | अनावश्यक कुरालाई समस्याको रूपमा प्रस्तुत गर्ने । |
| ७ | विषयको अत्तो/पत्तो छैन, तयारी नै नगरी वार्तामा बस्ने । |
| ८ | सुपरभाइजर वा श्रमिकहरूसँग काम गर्दा बिनासित्ती रिसाउने/झर्किने । |
| ९ | व्यवस्थापन पक्षलाई 'थर्काउन' अमर्यादित भाषा प्रयोग गर्ने । |

| | |
|---|---|
| १० | निजी विषय उठाई बहस थाल्ने र गुनासाहरूमा ध्यान नदिई व्यक्तिगत आक्षेप लगाउने । |
| ११ | बैठक मै नजाने, गए पनि ढिलो पुग्ने । |
| १२ | व्यवस्थापन पक्षका मानिस र आफ्नै साथीहरूको सामुन्ने कमिटीका सदस्यहरूलाई हकार्ने । |
| १३ | श्रमिकहरूले खोज्दा नभेटिने । |
| १४ | सबै जानकारी आफैभित्र लुकाइ राख्ने । |
| १५ | श्रमिकहरू आफ्नो वरिपरि झुम्मिइरहुन् भन्ने ठान्ने । |
| १६ | मेनेजर वा सुपरभाइजरसँग साखुल्ले पल्टिन सानोतिनो गल्तीमै मजदुरलाई लखेट्ने र व्यवस्थापन पक्षको खराब मनसायको भरिया बन्न पुग्ने । |
| १७ | श्रमिकहरूलाई सहयोग हैन, तह लगाउन खोज्ने । |

तीन

# युनियन प्रतिनिधिहरूले सम्झनै पर्ने १७ बुँदामा जानकार होऔँ !!!

१ युनियनका विषयमा जानकारी राख्नुहोस् । युनियनका नीति र कार्यक्रमबारे आफ्ना सदस्यहरूलाई सूचित गराइरहनुहोस् ।

२ युनियनका बैठकमा नियमित रूपले सहभागी हुनुहोस्; आफू मातहतका सदस्यहरूलाई युनियनका कार्यक्रमहरूमा सरिक हुन प्रोत्साहित गर्नुहोस् । बैठकमा आएनन्, आफूले भनेको जस्तो गरेनन् भनेर आफू मातहतका सदस्यहरूलाई हपार्ने होइन, 'यो साथी किन बैठकमा आएन' भनेर ठण्डा दिमागले सोच्नुहोस् ।

३ नयाँ श्रमिक देख्नासाथ अरूभन्दा पहिल्यै भेटी हाल्नुहोस्, उनीहरूलाई आफ्नो युनियनका बारेमा जानकारी दिनुहोस् र युनियनको सदस्य बन्न उत्साहित गर्नुहोस् । युनियनका कार्यक्रमहरूमा भाग लिन नयाँ श्रमिक र नयाँ सदस्यहरूलाई डाक्नुहोस्; उनीहरूलाई कसरी आफ्नो पक्षमा राखिरहने भन्ने ख्याल गर्नुहोस् ।

४ 'नेता'को रूपमा प्रस्तुत हुनुहोस्- तपाईंले काम गर्ने कार्यथलोका गुनासाहरूलाई हल गर्न तपाईं नै मुख्य व्यक्ति हुनुहुन्छ; व्यक्तिगत रूपमा 'मनपर्ने/नपर्ने' आधारमा कसैसित पनि पूर्वाग्रह नराख्नुहोस् ।

५ प्रस्ट देखिने खालको होस् वा नजानिंदो पाराको, सबैखाले भेदभावको विरूद्ध उभिनुहोस् । कुनै पनि प्रकारका भेदभाव र पूर्वाग्रहलाई निरुत्साहित गर्नुहोस् ।

६ ट्रेड युनियन शिक्षाका कार्यक्रममा सरिक हुनुहोस्, त्यसमा छानिएकाहरूलाई मौका नगुमाउन सचेत पार्नुहोस् । युनियनका सदस्यलाई श्रम कानुन र अन्तर्राष्ट्रिय मापदण्डबारे जानकारी दिनुहोस्, यसबारे तपाईं आफैलाई ज्ञान छैन भने पहिले नै जान्ने व्यक्तिबाट सल्लाह लिनुहोस् ।

७ काम गर्ने ठाँउमा मात्रै हैन बसोबास गर्ने ठाउँमा पनि "श्रमिक सामुदायिक क्लब"बाट हुने लाभबारे सदस्यहरूलाई प्रस्ट पार्नुहोस् ।

८ युनियन विरोधी तत्वसँग भने जहाँ पनि भिड्न तयार हुनुहोस् । श्रम आन्दोलनमा सरिक भएको व्यक्तिको नाताले तपाईंले भन्दा ज्यादा प्रभावकारी ढंगले यस्ता तत्वलाई तह लगाउन अरूले सक्दैनन् भन्ने कुरा बुझ्नुहोस् ।

९

नजानेको कुरा "जानेको छैन" भन्न संकोच नमान्नुहोस् । जिन्दगीमा सिक्नुपर्ने धेरै कुरा छन्, तपाईंले जान्न चाहेको कुरा प्रयास गर्नुभयो भने अवश्य जान्नु हुनेछ !

१०

आफूले जानेको कुरा आफ्ना श्रमिक साथीहरूलाई बताउनुहोस्, ज्ञान बाँडेर रित्तिदैन, आडम्बरबाट कोही पनि ठूलो ठहरिंदैन ।

११

व्यवस्थापनसँग व्यवहार गर्दा आफू श्रमिकहरूको प्रतिनिधि भएको कुरा नभुल्नुहोस् । तपाईं "मालिक"हरू भन्दा कुनै पनि हालतमा सानो हुँदै होइन, उनीहरू रकम लगानी गर्ने "साहूहरू"को प्रतिनिधि भए जस्तै तपाईं पनि श्रम लगानी गर्ने श्रमिकहरूको आधिकारिक प्रतिनिधि हो ।

१२

युनियनको नेता भएकोमा गर्व गर्नुहोस् । ख्याल गर्नुहोस्, तपाईंले काम गर्ने युनियन करोडौं सदस्य भएको अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ र लाखौं सदस्य भएको राष्ट्रिय ट्रेड युनियन केन्द्रको जग हो ।

१३

युनियनको झन्डा, लोगो, लकेट जस्ता चिज प्रचार गर्नुहोस्, यस्तो काममा आफ्ना साथीहरूलाई पनि प्रोत्साहित गर्नुहोस् ।

१४ हरेक साथीका समस्यालाई आफ्नै समस्या सरह गम्भिरतापूर्वक लिनुहोस् । उनीहरूलाई आफूले गरिरहेको प्रयासका बारेमा झिंजो नमानीकन बताउनुहोस् । समस्यामा परेकाले आफ्नो काम "आजै होस्, अहिल्यै हल होस्" भन्ने ठान्छ- समयसीमा तोकेर उनीहरूलाई ढुक्क तुल्याउनुहोस् ।

१५ नहुने काममा-"हुन्छ", नसकिने कामलाई "गर्छु" भन्दै नभन्नुहोस् । आफ्ना सदस्यहरूलाई सक्दो सहयोग गर्नुहोस् ।

१६ आफ्ना सदस्यहरूलाई राजनीतिक अभियानमा सामेल हुन उत्प्रेरित गर्नुहोस् । तपाईं आफैं पनि राजनीतिक रूपमा सक्रिय हुनुहोस् । चुनाबको समयमा मतदाता नामावलीमा उनीहरू छुटे कि ख्याल गर्नुहोस् । आफ्नो युनियनलाई माया गर्ने पार्टी र हरेक तहका जनप्रतिनिधिहरूलाई जिताउन युनियन सदस्यहरूलाई परिचालित गर्नुहोस् ।

१७ नभुल्नुहोस्, तपाईंको लक्ष भनेको '१ नम्बरको युनियन प्रतिनिधि' बन्ने हो । यो लक्ष प्राप्तिको लागि सधैं प्रयत्नशील रहनुहोस् । तपाईंको दक्षता र श्रमिक साथीहरूको सद्भावना नै तपाईंको शक्ति हो ।

चार

# कमिटी/नेता/कार्यकर्ता/सदस्य सम्बन्धी १७ प्रश्नमा ध्यान दिऔँ !!!

| | |
|---|---|
| १ | कमिटी कति 'कार्यकारी' छ? |
| २ | कमिटीका बैठकहरु कति-कति समयमा हुने गरेको छ ? |
| ३ | के अधिवेशन समय मै हुने गरेको छ ? |
| ४ | कमिटी बैठकले गरेका निर्णयलाई सदस्य तथा आम मजदुरहरुले कति महत्व दिने गरेका छन् ? |
| ५ | युनियनको व्यवस्थापनसँग कस्तो सम्बन्ध छ ? |
| ६ | युनियन कति बलियो छ ? |
| ७ | के युनियनले प्रतिष्ठानमा काम गर्ने सबै प्रकृतिका श्रमिकहरुलाई संगठित गरेको छ ? |
| ८ | युनियनको प्रभाव बिस्तारका लागि तपाईंहरुले के कस्तो योजना बनाउने गर्नुभएको छ ? |
| ९ | "गतिशीलता-इमान्दारिता-सच्चरित्र र फैलावट" आदिको आधारमा, तपाईंले नेतृत्व गरेको युनियन अरु युनियनको तुलनामा के कारणले 'विशेष' छ ? |

| | |
|---|---|
| १० | सँगै कार्यरत कमरेडहरु एक आपसमा कतिसम्म आत्मीय (कमरेड-इन आर्मस्) हुनुहुन्छ ? |
| ११ | संगै कार्यरत कमरेडहरु दायित्व निर्वाह गर्ने 'ड्युटीफूल' हुनुहुन्छ कि अनुत्पादक 'डेड-उड' ? |
| १२ | सँगै कार्यरत कमरेडहरुलाई 'सशक्त' बनाउन के कस्ता प्रशिक्षणको आवश्यकता छ ? |
| १३ | सँगै कार्यरत कमरेडहरुमा 'नेता' हुन अपुग रहेको विषय के छ ? |
| १४ | युनियसँग वैकल्पिक नेतृत्व निर्माणको गृहकार्य के छ ? |
| १५ | सँगै कार्यरत कमरेडहरुको 'सैद्धान्तिक' आधार के हो ? |
| १६ | सँगै कार्यरत कमरेडहरुले वर्गीय पक्षधरतासँग जात/जाति, लैङ्गिक र क्षेत्रगत पहिचानलाई कसरी जोड्नुहुन्छ ? धर्म, परम्परा, संस्कृति र रितिथितिका बारेमा कस्तो धारणा राख्नुहुन्छ ? |
| १७ | सँगै कार्यरत कमरेडहरुलाई 'तपाईं किन युनियनमा लाग्नु भएको हो' भन्ने प्रश्न कहिल्यै गर्नुभएको छ ? |

पाँच

# ट्रेड युनियन प्रतिनिधिका हैसियतले गर्नैपर्ने १७ काममा सचेत होऔं !!!

१

## म्याद नाघ्न नपाओस्

कुन साथी कहिलेदेखि काम गर्दै आइरहेको छ, तपाईंलाई थाहा छ । 'करार'मा काम गर्नेहरूको, करार अवधि सकिनु अघि के गर्ने तपाईंले सोच्नै पर्छ । अस्थायी रूपमा कार्यरत कामदार/कर्मचारीको नियमित २४० दिन काम गरेपछि स्थायी गर्नुपर्छ भन्ने कानुनी व्यवस्था तपाईंलाई थाहा छ । प्रतिष्ठानतहको युनियनको हरेक आर्थिक वर्षमा लेखा परीक्षण प्रतिवेदन श्रम कार्यालयमा बुझाउनुपर्ने कुरा पनि तपाईंलाई थाहा हुनुपर्छ । हरेक २/२ वर्षमा सामूहिक सौदावाजी गर्ने तथा युनियन नवीकरण गर्ने कुरा पनि तपाईंलाई थाहा हुनैपर्छ । तर पनि यस्ता महत्वपूर्ण कामका म्याद गुज्रने गरेका छन्, किन ? महासंघबाट प्रकाशित पात्रो हरदम साथमा राख्नुहोस् र यी कामका म्याद पुग्ने गतेमा रातो चिनो आजै लगाउनुहोस् । यदि यी काममा तपाईंलाई माथिल्ला कमिटीको सहयोग चाहिने भए बेलैमा सम्पर्क गरिहाल्नुहोस् ।

२

## समस्यामा परेकाहरूबाट नभागौं

कतिपय श्रमिकहरूले गर्ने गरेका "गुनासा"हरू, तपाईंलाई व्यवस्थापनसँग राखी हाल्नुपर्ने विषय जस्ता नलाग्न सक्छन् । तर 'अन्यायमा परें' भन्ने श्रमिकका लागि त्यो नै जीवन-मरणको कुरा जस्तो हुन सक्छ । तसर्थ, यस्ता साथीहरू समस्या लिएर आए भने झिंजो मान्ने वा बहानाबाजी गरेर पन्छाउने काम गर्नु हुन्न । कामदार/कर्मचारीका कुरा व्यवस्थापनसँग राख्नुपर्ने खालका छैनन् भने सम्झाउनुहोस् र उनीहरूको चित्त बुझाउने वैकल्पिक उपाय खोज्नुहोस् ।

## ३ घरभित्रको बहस बाहिर नजाओस्

तपाईंको काम गराइप्रति साथीहरू सन्तुष्ट नरहेमा बहसलाई बैठकमा नै हल गर्ने प्रयत्न गर्नुहोस्। 'आमाको कुरा मामालाई लगाउने' भने झैं तपाईंमाथि साथीहरूले विश्वास नगरेको छनक मात्रै पनि व्यवस्थापन पक्षले पायो भने के होला ? याद गर्नुहोस्, "भाँडिएको घरको भर हुन्न" भनेजस्तै यसले युनियनलाई कमजोर पार्छ ।

## ४ आफ्नो दायित्वप्रति होसियार बनौं

युनियनको विधानले तोकेको अधिकार/कर्तव्य प्रयोग गर्ने गरी तपाईं युनियनको नेता हुनुभएको हो । तसर्थ, तपाईंको सानो असावधानीले पनि समस्या खडा गर्न सक्छ । जस्तो कि हरेक २/२ वर्षमा मात्र सामूहिक मागदाबी गर्न पाइने कानुनी व्यवस्था मिचेर "ठोकी दिउँ, डराउना काम छैन" भन्दै नचाहिंदो फूर्ति देखाउनुभयो भने अनाहकमा धेरै साथीहरूले रोजगारीबाट हात धुनु पर्ने स्थिति पनि आउन सक्छ। के गर्न हुन्छ, के गर्न हुँदैन- कानुनी, व्यावहारिक र राजनीतिक हिसाबमा तपाईंले थाहा पाउनैपर्छ। कुनै कुरा तपाईंलाई थाहा छैन भने, सोध्नुहोस् न !

## ५ व्यवस्थापन पक्षसँग नतसौं

युनियनको प्रतिनिधिको हैसियतमा तपाईं श्रमिकहरूको "वकिल"पनि हो र, व्यवस्थापन पक्ष सरहै जिम्मेवार पनि हो । तपाईंले श्रमिकका पक्षमा सोधखोज गर्न सक्नुहुन्छ र जवाफ पाउने हक राख्नुहुन्छ। समकक्षी व्यवस्थापन पक्षले ' आनाकानी' गरेमा लल्कार्न नचुक्नुहोस्- 'सम्वादमा बस्ने कि श्रमिकलाई मैदानमा उतारौं ?!'

## ६ धैर्य नगुमाऔं

'हुन्न, दिन्न, छैन, सक्दिन'- यस्ता जवाफ सुन्दासुन्दा वार्ताको टेबलमा तपाईंको दिमाग "तात्न" सक्छ । तथ्य र तर्कलाई भुलेर झोंक देखाउनु भयो भने युनियन प्रतिनिधिको हैसियतले सम्वादको उपयुक्त अवसर खेर जान पनि सक्छ । धैर्य हुनुहोस् ! ख्याल गर्नुहोस्- छुद्र वचन र अशिष्ट व्यवहार क्रान्तिकारिता होइन । तपाईंले "शाही भद्रता" देखाइरहन पर्दैन, श्रमजीवी वर्गीय शालिनता प्रदर्शन गरे पुग्छ ।

## ७ लम्बे-चौडे लेखाइमा नफसौं

व्यवस्थापनसँग गरिने गुनासा सिधा १/२ हरफमा लेखेर बुझाए हुन्छ । लम्बे-चौडे व्याख्या गर्ने काम धेरै तलब खाएर बसेका व्यवस्थापन पक्षका कर्मचारीको हो । के समस्या हो र कस्तो सुधार चाहनु भएको हो- सिधै लेख्नुहोस् । व्याख्या विश्लेषणका बुँदाहरू वार्ताको टेबलमा चाहिन्छ, साँचेर राख्नुहोस् ।

## ८ गुनासो लिएर आउने समयसम्म नकुरौं

समस्या परेपछि आउँछन् भनेर बस्नु भयो भने ती श्रमिकबाट सम्मान पाउन मुस्किल होला । कतिपय कुरा जटिल हुनु अघि नै हल गर्न सकिन्छ ।

## ९ अनियमित सेवामा कार्यरत श्रमिकलाई बेवास्ता नगरौं

याद गर्नुहोस्, तपाईं स्थायी श्रमिकको मात्रै नेता होइन । तपाईं त्यो प्रतिष्ठानमा दैनिक ज्यालादारीमा, करारमा, मौसमी, घण्टा-आधारित ज्यालामा या आउटसोर्स श्रमिकका रूपमा कार्यरत सबै प्रकृतीका "अनियमित सेवाका" श्रमिकहरूको पनि प्रतिनिधि हो । युनियन प्रतिनिधिका नाताले थोरै सङ्ख्यामा रहेका स्थायी वा "नियमित" श्रमिकले उपभोग गरे सरहका सेवा/सुबिधा बाँकी सबैखाले श्रमिकहरूलाई पनि उपलब्ध गराउने युनियन आन्दोलनको नेता तपाईं नै हो । एक दिन काम गर्ने हुन् वा वर्षौंदेखि कार्यरत, सबै श्रमिकलाई युनियन आन्दोलनभित्र समेट्ने काम तपाईं कै हो ।

## १० सदस्यका निजी समस्यामा सहयोगी बनौं

कानुन बमोजिम श्रमिकहरुले तलबी बिदा, सुविधा, कल्याणकारी कोषबाट सहायता पाउँछन् । रोजगारीका कस्ता सर्तमा काम गर्नेले यी सुविधा पाउने र कस्ताले नपाउने भन्नेमा तपाईं जानकार हुनैपर्छ । यस्ता सुविधा पाउने साथीहरुलाई उनीहरुको हक उपलब्ध गराउन तपाईंले नै पहल गर्नुपर्छ । र उनीहरुलाई पर्न आउने आपत-विपत-कठिनाइमा सल्लाह तथा मद्दत पुऱ्याउन तपाईं सधैं सक्रिय हुनुपर्छ ।

## ११ सदस्यता शुल्क सङ्कलन गरौं

श्रमिकहरुको सङ्गठन सदस्यको भरमा नै अडेको हुन्छ । तसर्थ, युनियनका कार्यक्रमलाई अघि बढाउन आवश्यक पर्ने आर्थिक स्रोत पनि सदस्यहरुबाटै प्राप्त हुनुपर्छ । ट्रेड युनियका सदस्य खेताला हैनन् र युनियन पनि दाताहरुको चन्दामा चल्ने संस्था हैन । त्यसैले सदस्यहरुको शुल्क नियमित रुपले उठाउनुपर्छ । सदस्यता शुल्क उठाउने, सदस्यलाई त्यसको रसिद दिने र उठेको शुल्क केन्द्र, अञ्चल, जिल्ला जुन जुन ठाउँमा जति जति पठाउने हो, त्यो काम समयमा नै गरी हाल्ने दायित्व तपाईं कै हो । यो कामले तपाईंलाई इमान्दार र पारदर्शी नेताको रुपमा स्थापित गराउँछ ।

## १२ कार्यथलोको लोकतान्त्रिकरणमा क्रियाशील होऔं

कार्यथलोलाई सुरक्षित, लोकतान्त्रिक र श्रमिकमुखी बनाउन ट्रेड युनियन शिक्षामा ध्यान दिनैपर्छ । संगठन स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको हक; सामाजिक सम्वादको प्रयोग र शोषणमूलक श्रम अभ्यासबाट मुक्त कार्यथलो हुनु भनेको लोकतान्त्रिकरणको प्रत्याभूतिको सङ्केत हो । प्रभावकारी सामूहिक सौदावाजीको माध्यमबाट कार्यथलोमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको निश्चितता गर्न र सदस्यहरुलाई नेतृत्व विकासका तालिमका साथै आम श्रमिकका कानुनी अधिकार सुनिश्चित गर्न तपाईंले नै पहल गर्नुपर्छ ।

## १३ महिला नेतृत्व विकास गरौं

युनियनको काममा श्रमिकका अधिकार र हितको लडाइमा महिला श्रमिकको सहभागिता र सक्रियता बढाउनैपर्छ । लैङ्गिक समानता बढाउन र पुरुष तथा महिला श्रमिक बीच हुने भेदभावको अन्त्य गर्न विशेष रुपमा पुरुष र आम रुपमा पुरुष र महिला श्रमिकलाई लैङ्गिक हिसाबले सचेत पार्नुपर्दछ । महिला सदस्य बढाउने, कमिटीमा महिला सङ्ख्या बढाउने र उनीहरुको नेतृत्व क्षमता बढाउने- यी तीन कामलाई तपाईंले प्राथमिकतामा राख्नैपर्छ ।

## १४ कार्यक्रम र अभियानहरुमा श्रमिक परिचालनका लागि सक्रिय होऔं

तपाईं आबद्ध ट्रेड युनियन संघको माथिल्लो कमिटीहरुले विभिन्न कार्यक्रहरु आयोजना गरिरहन्छ । यसैगरी हाम्रो महासंघले पनि समय सापेक्ष विभिन्न कार्यक्रमहरु आह्वान गर्दछ । यस्ता कार्यक्रम र अभियानहरु हाम्रा सदस्यहरु र आम श्रमिकहरुलाई परिचालन गर्न/गराउन तपाईंले नै नेतृत्वदायी भूमिक खेल्नुपर्छ ।

## १५ दबाब, संघर्ष र आन्दोलनमा क्रियाशील बनौं

स्थानीय र प्रतिष्ठान तहका समस्याहरु र मागहरु तथा केन्द्रीय तहबाटै अघि बढाइएका मागहरुलाई पूरा गराउन सबै अवस्थामा संवाद र छलफलले मात्र पुग्दैन । छलफल/संवाद र सहमतिलाई उपलब्धिमूलक बनाउन पनि दबाब र आन्दोलन आवश्यक हुन्छ । त्यसैले स्थानीय तहका दबाब, संघर्ष र आन्दोलनका विभिन्न कार्यक्रमहरुमा उत्साहका साथ सबैलाई सक्रिय रुपले सहभागी गराउनु तपाईंकै काम हो ।

## १६ सदस्यता बिस्तार गरौं

युनियनको मूल काम भने कै सदस्य नभएका आम श्रमिकलाई संगठित गर्नु, प्रशिक्षित गर्नु र आन्दोलित गर्नु हो । त्यसैले, नयाँ सदस्यहरुको सङ्ख्या बढाउँदै जाने र पुराना सदस्यहरुको नियमित नवीकरण गर्ने कामलाई तपाईंले आफ्नो प्रमुख सांगठनिक काम बनाउनुपर्छ । धेरै र क्रियाशील सदस्यहरु नै युनियन र तपाईंको शक्ति र इज्जत तथा मर्यादाका आधार हुन् भन्ने नभुल्नुहोस् ।

## १७ सास फेर्ने फुर्सद चाहिं निकालौं है?!

युनियन प्रतिनिधि "पूर्णकालीन पेसेवर युनियनकर्मी" होइनन्, त्यसैले व्यवस्थापनले काम नगरी खान दिंदैन । तपाईं पनि अरू सरह पूरै समय काम गर्नुहुन्छ । काम सकिन नपाउँदै फेरि युनियनको काममा लाग्न पुग्नुहुन्छ । यो समाज र श्रमिकको पक्षमा तपाईंको महान योगदान हो । सक्रिय हुनुहोस्, तर आफ्नो योगदानलाई निरन्तरता दिने क्रममा तपाईंको पनि परिवार छ भन्ने नभुल्नुहोस् । **काम-जीवन र परिवार बीचको सन्तुलन** कायम गर्नु जरूरी छ ।

१) **१७ अधिकार-** यसको प्राप्तिको लागि युनियन बलियो बनाऔं !

२) **१७ थरीका गल्ती-** युनियनकर्मीबाट हुनसक्ने यस्ता गल्तीबाट जोगिऔं !!

३) **१७ संझनै पर्ने विषय-** युनियन प्रतिनिधिहरु यी बुँदाहरुमा जानकार होऔं !!!

४) **१७ प्रश्न-** कमिटी, नेता-कार्यकर्ता-सदस्य सम्बन्धी यस्ता प्रश्नमा ध्यान दिऊँ !!!!

५) **१७ काम-** ट्रेड युनियनले गर्ने यी काममा सचेत होऔं !!!!!


नेपाल स्वतन्त्र टेक्सटायल गार्मेन्ट मजदुर यूनियन

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)

**पो.ब.नं.**:१०६५२, मनमोहन मजदुर भवन, जिफन्ट प्लाजा, पुतली सडक, काठमाडौं
**फोनः** ४१६८०००, फ्याक्सः ४१६८००१, **ई-मेलः** office@gefont.org

www.gefont.org



Supported by